# लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन
# २०८२




## मिर्चैया नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## मिर्चैया, सिरहा
## मधेश प्रदेश

Scanned with CamScanner



## नगर प्रमुख ज्यूको मन्तव्य

मिर्चैया नगरपालिकाको समग्र विकासलाई साकार पार्न विकासका हरेक प्रक्रियामा सबै नागरिकको समान पहुँच र सहभागिता अपरिहार्य छ । कुनै पनि समाजको वास्तविक विकास तब मात्र सम्भव हुन्छ, जब राज्यका संयन्त्रहरूमा महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक र आर्थिक रूपले पछाडि पारिएका समुदायको अर्थपूर्ण प्रतिनिधित्व र स्वामित्व स्थापित हुन्छ ।

यसै सन्दर्भमा, मिर्चैया नगरपालिकाले आफ्नो नीति, कार्यक्रम तथा बजेटमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई कुन हदसम्म आत्मसात् गरेको छ भनेर लेखाजोखा गर्न यो "लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन" तयार गरिएको छ। यो प्रतिवेदन केवल एक दस्तावेज मात्र नभई हाम्रो नगरपालिकाको समावेशी विकासको मार्गचित्र पनि हो ।

हामीले स्थानीय सरकार सञ्चालनका क्रममा लक्षित वर्गको उत्थानका लागि विभिन्न सीपमूलक तालिम, क्षमता विकास र पूर्वाधार निर्माणमा विशेष जोड दिँदै आएका छौं । यस परीक्षणले हाम्रा सबल पक्षहरूलाई उजागर गर्नुका साथै आगामी दिनमा सुधार्नुपर्ने पक्षहरूका बारेमा स्पष्ट दिशाबोध गरेको छ । प्रतिवेदनले औंल्याएका सुझावहरूलाई आगामी वार्षिक नीति तथा बजेटमा प्राथमिकताका साथ समावेश गरी कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

अन्त्यमा, यो प्रतिवेदन तयार पार्न खट्नुहुने कर्मचारी साथीहरू, जनप्रतिनिधिहरू, सामाजिक अभियन्ताहरू र प्राविधिक सहयोग पुऱ्याउने सम्पूर्ण महानुभावहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

----------------------

श्रवण कुमार यादव

नगर प्रमुख

मिर्चैया नगरपालिका, सिरहा

Scanned with CamScanner



## नगर उपप्रमुख ज्यूको सन्देश

मिर्चैया नगरपालिकाको तर्फबाट "लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन" सार्वजनिक गर्ने यस महत्वपूर्ण अवसरमा केही शब्द व्यक्त गर्न पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ। लैङ्गिक समानता र सामाजिक समावेशीकरण लोकतान्त्रिक शासन, समावेशी विकास तथा सामाजिक न्यायको आधारस्तम्भ हो। संविधानले प्रत्याभूत गरेका समानता, समावेशिता र अवसरको समान पहुँचलाई व्यवहारमा उतार्न स्थानीय सरकारको भूमिका अत्यन्तै महत्वपूर्ण हुन्छ । यस सन्दर्भमा मिर्चैया नगरपालिकाले आफ्नो नीति, योजना, बजेट तथा सेवा प्रवाहमा समावेशीकरणका सिद्धान्तहरू कति समेटिएका छन् भन्ने विषयमा आत्ममूल्यांकन गर्ने उद्देश्यले यो परीक्षण सम्पन्न गरिएको हो। यस परीक्षण प्रतिवेदनले नगरपालिकाको वर्तमान अवस्थालाई यथार्थपरक ढंङ्गले प्रस्तुत गर्नुका साथै महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, बालबालिका तथा अन्य पछाडि पारिएका समुदायको सहभागिता, पहुँच र प्रतिनिधित्वको अवस्था स्पष्ट रूपमा उजागर गरेको छ। यसले हाम्रो सबल पक्ष पहिचान गर्नुका साथै सुधार गर्नुपर्ने क्षेत्रहरू पनि देखाएको छ, जुन आगामी नीति तथा कार्यक्रम निर्माणका लागि महत्वपूर्ण मार्गदर्शन हुनेछ।

यस परीक्षण प्रतिवेदन तयार पार्ने क्रममा सक्रिय भूमिका निर्वाह गर्नुहुने प्राविधिक टोली, नगरपालिकाका कर्मचारीहरू, सहयोगी संस्था, विकास साझेदार तथा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा योगदान दिनुहुने सबै महानुभावहरूलाई मिर्चैया नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद।

---------------------

जिवछी देवी साह

नगर उपप्रमुख

मिर्चैया नगरपालिका, सिरहा

Scanned with CamScanner



# भनाई

संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले समावेशी र न्यायपूर्ण समाजको परिकल्पना गरेको छ । यसै सन्दर्भमा यो प्रतिवेदनले हाम्रो नगरपालिकाले लैङ्गिक समानता, महिला सशक्तिकरण, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, मधेशी, मुस्लिम, पिछडिएका वर्ग तथा अन्य सीमान्तीकृत समुदायको अधिकार र सहभागिता सुनिश्चित गर्ने दिशामा गरेका प्रयासहरूको समीक्षा गरेको छ ।

प्रतिवेदनमा औंल्याइएका सुधारका क्षेत्रहरू र सिफारिसहरूलाई म गम्भीरतापूर्वक लिन्छु । मिर्चैया नगरपालिका प्रशासनको तर्फबाट नगरपालिकाका सबै नीति, कानून, योजना र कार्यक्रमहरूमा समावेशीको विषयलाई मूलप्रवाहीकरण गर्ने, कर्मचारीहरूलाई लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी तालिम र अभिमुखीकरण कार्यक्रम नियमित सञ्चालन गर्ने, लैङ्गिक उत्तरदायी बजेट विनियोजन सुनिश्चित गर्दै सीमान्तीकृत समुदायका लागि विशेष कार्यक्रमहरू सञ्चालन गर्ने, निर्णय प्रक्रियामा महिला, दलित, जनजाति र अन्य पिछडिएका वर्गको सार्थक सहभागिता सुनिश्चित गर्ने, अनुगमन तथा मूल्यांकनमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी सूचक र प्रगति नियमित रूपमा अनुगमन गर्ने प्रणाली विकास गरिने प्रतिबद्धता व्यक्त गर्दछु ।

यस परीक्षण कार्यमा संलग्न हुनुहुने र प्रतिवेदन तयारीमा संलग्न सबै सरोकारवाला निकाय, परामर्शदाता टोली र सम्बन्धित व्यक्तिहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु र हामी सबै मिलेर समतामूलक र समावेशी मिर्चैया नगरपालिकाको निर्माण गर्न प्रतिवद्ध छौं ।

धन्यवाद ।

----------------------

युगेश कुमार यादव

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

# विषय सूची


खण्ड : एक........................................................................................................................................१

परिचय........................................................................................................................................१

१.पृष्ठभूमि........................................................................................................................................१

२.अध्ययनको महत्व........................................................................................................................................२

३. उद्देश्य........................................................................................................................................३

४.लैससास परीक्षणले समेट्ने क्षेत्रहरु........................................................................................................................................३

५.लैससास परीक्षणको विधि र प्रक्रिया........................................................................................................................................४

६. लैससास परीक्षणका सहभागी........................................................................................................................................८

खण्ड : २........................................................................................................................................९

तथ्यांक प्रस्तुतीकण........................................................................................................................................९

७. तथ्यांक प्रस्तुतीकरण र व्याख्या........................................................................................................................................९

खण्ड : ३........................................................................................................................................१३

विश्लेषण........................................................................................................................................१३

८.लैससास परीक्षणको विश्लेषणका औजारहरु........................................................................................................................................१३

९.तथ्यांङ्को तुलनात्मक अध्ययन तथा विश्लेषण........................................................................................................................................१३

१०. मुख्य उपलब्धी........................................................................................................................................१४

१०.१ परीक्षण पश्चात प्रमुख सूचकहरुले प्राप्त गरेको अंकहरुको लेखाजोखा........................................................................................................................................१४

१०.२ लैससास परीक्षणको नतिजाको माकुरे जालो........................................................................................................................................१६

११. नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणका सबल पक्ष र सुधार गर्नुपर्ने पक्षहरु........................................................................................................................................१८

१२. लैससासको कार्ययोजना........................................................................................................................................२४

१३. निष्कर्ष........................................................................................................................................२७

१४. सुझाव........................................................................................................................................२८

अनुसूचीहरु........................................................................................................................................२८

अनुसूची : १........................................................................................................................................२९

अंकतालिका........................................................................................................................................२९

अनुसूची : २........................................................................................................................................३०


Scanned with CamScanner

लैससास कार्यान्वय समिति ............ ३०

अनुसूची : ३............ ३१

लैससासको कार्यदलका समिति ............ ३१

अनुसूची : ४............ ३२

लैससास परीक्षणमा सहभागीहरुको विवरण............ ३२

अनुसूची : ५ ............ ३५

सूचकगत प्राप्तांक विवरण ............ ३५

अनुसूची : ६ ............ ४५

लैससास परीक्षणका झलकहरु............ ४५

Scanned with CamScanner

## खण्ड : एक

## परिचय

### १.पृष्ठभूमि

संघीय व्यवस्था अनुसार नेपालको संविधान कार्यान्वयनको अवधिलाई हेर्दा एकदशक पुरा भएको छ। नेपालको संविधान २०७२ को प्रस्तावनामा नै लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ। संविधानको धारा ३८ ले महिलालाई समान बंशीय अधिकार, सुरक्षित मातृत्वर प्रजनन् स्वास्थ्य सम्बन्धी हक, महिला विरुद्ध धार्मिक, सामाजिक, यौनजन्य, मनोबैज्ञानिक वा अन्य कुनै किसिमको हिसाजन्य कार्य वा शोषण गरेमा दण्डनीय हुने, राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने अधिकार र शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त हुने हकको व्यवस्था गरेको छ। संविधानको धारा १८ समानताको हकमा सबै नागरिक कानूनको दृष्टिमा समान हुने, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, आर्थिक अवस्था, भाषा वा क्षेत्र वा अन्य कुनै आधारमा भेदभाव गरिने छैन भनी उल्लेख गरिएको छ। सामाजिक न्यायको हकले राज्यको हरेक तहमा समावेशी र समानुपातिक प्रतिनिधित्व सिद्धान्तको आधारमा जनताको सहभागिताको अधिकार स्थापना गरेको छ। तसर्थ संविधान प्रदत्त हक अधिकारहरुको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीताको आधारमा राज्य संरचनाको सबै अङ्गहरुमा महिला तथा सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पछाडि पारिएको/परेको वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बाल-बालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकहरूले राज्यको हरेक निकायमा आफ्नो अधिकारको उपभोग गर्न सक्ने वातावरण सिर्जना गर्न आवश्यक छ। महिला र पुरुषको समानुपातिक विकासबाट नै समग्र समाजको विकास हुन पुग्दछ। समानुपातिक विकास आजको आवश्यकता हो। समुन्नत परिवार र समग्र समाजको विकासमा महिला र पुरुषको समान दायित्व र योगदान हुन आवश्यक छ। समुन्नत समाजको विकासमा यी दुवै वर्गको समान महत्व हुँदाहुँदै पनि राष्ट्रको समग्र स्थितिमा समानता देखिदैन। आधा भन्दा बढी जनसंख्या ओगटेको महिलाहरुको विकासमा राज्यले विभिन्न अन्तराष्ट्रिय क्षेत्रमा गरेको प्रतिवद्धतालाई समयमा पुरा गर्न राष्ट्रको सम्पूर्ण अंगले विशेष जोड दिन आवश्यक छ।

स्थानीय सरकार संचालानार्थ कार्यान्वयनमा रहेको स्थानीय सरकार सञ्चालन ऐनमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण (लैससास) लाई जोड दिएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा उल्लेख गरिए बमोजिम गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत विभिन्न बुँदाहरूहरूले जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरू सहित सुकुम्बासी व्यवस्थापन गर्न लक्षित समूह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन, सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याङ्क र सूचना व्यवस्थापन र गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन गर्ने कुराहरू उल्लेख गरिएको छ। त्यस्तै उक्त ऐनको दफा १२ मा उल्लेख



Scanned with CamScanner

गरिए बमोजिम वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत स्थानीय तहको योजना तर्जुमा गर्दा सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रकृया अवलम्बन गरी महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड, योजना बनाउँदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) प्रवर्द्धन गर्ने व्यवस्थालाई जोड दिएको छ।

त्यस्तै वडाभित्रका विकास कार्यहरू कार्यान्वयन गर्दा उक्त वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका वा पारिएका महिला, बाल-बालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख राखि सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने कुरालाई समेत स्पष्ट रुपमा औल्याईएको छ। नेपाल सरकारले मन्त्रालय तहमा पनि लैङ्गित तथा सामाजिक समावेशीकरण नीतिहरुलाई कार्यान्वयन तहमा ल्याउनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका "लैङ्गिक समानता तथा सामाजिक समावेशीता स्थानीयकरण रणनीति, २०७५", स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको "स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०६६", महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको "राष्ट्रिय लैङ्गिक समानता नीति, २०७४", शहरी विकास मन्त्रालयको "लैङ्गिक समानता तथा सामाजिक समावेशी मार्गदर्शन, २०७०" सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन २०७८" जस्ता लैससास नीति तथा मार्गदर्शन र दिग्दर्शन तयार गरिएको छ।

स्थानीय तहले लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई संस्थागत गर्ने उद्देश्यले स्थानीय तहले सञ्चालन गर्ने योजना तथा कार्यक्रम, नीति तथा कानुन लगायत सेवा प्रवाहमा समेत समावेशी बनाउने उद्देश्यले प्रत्येक वर्ष लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण गर्नुपर्दछ। स्थानीय तहले लैससास परीक्षण कार्य हरेक आर्थिक वर्षमा गर्नुपर्नेछ। लैससास परीक्षण गर्दा गत आवमा सम्पन्न गरेको कार्यक्रमको परीक्षण चालु आ.व.को पौष मसान्तभित्रमा सम्पन्न गरी प्रतिवेदन तयार गर्नु पर्दछ। लैससास परीक्षण प्रतिवेदनले औल्याएको विषयवस्तु उपर सम्बन्धित स्थानीय तहमा सम्बन्धित सरोकारवाहरुवीच छलफल गरी प्राप्त भएका सुझावहरुलाई आगामी योजना तथा कार्यक्रम मार्फत सुधार गर्न पृष्ठपोषणको रुपमा ग्रहण गर्नुपर्ने भएकोले यस मिर्चैया नगरपालिकाले गत बर्षदेखि यस कार्य सम्पन्न गर्दै आएको छ। यसै प्रावधान अनुसार यस मिर्चैया नगरपालिकाले लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण गरि प्रतिवेदन तयार गरेको छ।

## २.अध्ययनको महत्व

स्थानीय सरकारको कार्यसम्पादनलाई लैससासको दृष्टिकोणबाट के कति प्रभावकारी भयो भनी हेर्नका लागि यस परीक्षणले निक्कै महत्व राख्दछ। लैससास परीक्षणबाट नगरपालिकाको नीति, योजना, कार्यक्रमहरु लैससास आधारमा सम्वेदनशील छ छैन परीक्षण गरिने भएकोले परीक्षणबाट नगरपालिकाले सुधार गर्नुपर्ने क्षेत्रहरुको पहिचान भई सोहि अनुसार योजना तथा बजेट तर्जुमाका लागि सहयोग गर्दछ। यस परीक्षणले नेपाल सरकारले सम्झौता गरेका विभिन्न अभिसन्धिहरु, तयार गरेका नीति तथा कार्यक्रहरु, दिगो विकासका लक्ष्यहरु प्राप्तिमा सहयोग गर्नुका साथै परीक्षणपछि सहभागितामूलक प्रक्रियाले महिला, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरु तथा अन्य लक्षित वर्गको सशक्तिकरण गरी लैङ्गिक समानता र सामाजिक समावेशीकरण कार्यलाई प्रवर्द्धन गर्न सहयोग गर्दछ। यस कार्यले विकास प्रकृयामा



Scanned with CamScanner

काम गर्दा, विकास कार्यक्रम तय गर्दा, साधन र स्रोतको बाँडफाँड र परिचालनलाई लैङ्गिक उत्तरदायी र सामाजिक समावेशी वनाउन र लैङ्गिक र सामाजिक समावेशी रुपमा संस्थालाई सन्तुलित वनाउन सहयोग गर्दछ ।

यस परीक्षण कार्यले महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पछाडि पारिएको/परेको वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बाल-बालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय आदिलाई शिक्षा, स्वास्थ्य सेवा पहुँच, रोजगारी सिर्जना गर्ने क्षेत्रमा ज्यादै कम लगानी गर्ने प्रवृतिमा सुधार गरी राज्यका संरचनाहरूमा सकारात्मक विभेदका नीतिहरूलाई प्रभावकारी रुपमा लागू गर्नका लागि कार्यान्वयन पक्षमा गर्नुपर्ने क्षेत्रहरु पहिचान गर्न सहयोग. गर्दछ ।

## ३. उद्देश्य

लैससास परीक्षणको मुख्य उद्देश्यको रुपमा नगरपालिकाले गर्ने सम्पूर्ण क्रियाकलापहरु र विकास योजना तथा कार्यक्रमलाई लैससासमय बनाउनु र नगरपालिकाले तयार गरेका योजना, कार्यक्रम र क्रियाकलापहरुमा स्रोतको सुनिश्चिता र उपलब्धीको समतामूलक वितरण गर्नु रहेको छ। साथै लैससास परीक्षणको निर्दिष्ट उद्देश्यहरु निम्न रहेका छन् :

- लैङ्गिक समानता र सामाजिक समावेशीकरणको वर्तमान अवस्था पहिचान गर्ने ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण मार्फत नगरपालिकाको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला, लक्षित वर्ग र सिमान्तकृत समूहहरुलाई समावेश गरी लैङ्गिक समानता र सबै जातिको अर्थपूर्ण सहभागिताको क्षेत्र पहिचान गर्ने ।
- महिला, लक्षित वर्ग र सिमान्तकृत समूहहरुलाई समावेश गरि ती समूहहरुको क्षमता अभिवृद्धि गर्ने ।
- लक्षित वर्गलाई स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने ।
- स्थानीय तहको सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन र मूल्याङ्कन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने ।
- लैससास परीक्षणको नतिजाको आधारमा समस्या तथा चुनौतिहरुको पहिचान गरी समयमै समाधान गर्ने तथा भावि योजना तथा कार्यक्रमका लागि नीतिगत पृष्ठपोषण लिने ।

## ४.लैससास परीक्षणले समेट्ने क्षेत्रहरु

लैससास परीक्षणले मुख्यतयः ५ वटा प्रमुख विषयलाई समेटेको छ। उक्त पाँचवटा विषयवस्तुको २२ वटा उपशीर्षकहरु रहेका छन्। उपशीर्षकहरुका १०० वटा सूचकहरु रहेका छन्। जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ।



Scanned with CamScanner

| मूल विषय (सूचक) | सहायक विषय (उपसूचकहरु) |
|---|---|
| **नीति, कानुन, योजना** | नीति र कानूनमा समावेशिता/सहभागिता |
| | योजना तर्जुमा तथा कार्यन्वयन |
| | बजेट तर्जुमा तथा कार्यान्वयन |
| **संस्थागत व्यवस्था** | कर्मचारी पदाधिकारी प्रतिनिधित्व |
| | कार्यप्रणाली समावेशी |
| | समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व |
| | वित्त व्यवस्थापन प्रणालीमा समावेशिता |
| | तथ्याङ्क संकलन तथा व्यवस्थापन |
| **मानव संसाधन तथा क्षमता विकास** | मानव संसाधन तथा क्षमता विकास |
| | अनौपचारिक मुल्य, मान्यता र कुसंस्कार विरुद्ध जनचेतना |
| | कानुनी साक्षरता |
| | विपद् व्यवस्थापनमा समावेशिता |
| **सेवा प्रवाह** | पूर्वाधार विकास |
| | प्रजनन् स्वास्थ्य |
| | शिक्षा कार्यक्रम |
| | खानेपानी तथा सरसफाई |
| | स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापन |
| **सुशासन र उत्तरदायित्व** | सुशासन |
| | उत्तरदायित्व र जवाफदेहिता |
| | सुचना तथा संचार |
| | अनुगमन तथा मूल्याङ्कन |
| | समन्वय र सम्वन्ध विस्तार |

**५.लैससास परीक्षणको विधि र प्रक्रिया**

दिग्दर्शनमा उल्लेख गरिए अनुसार परीक्षणका विधि र प्रक्रियाहरु अपनाईएको थियो । यि विधिहरुमा सहभागितात्मक प्रक्रियालाई बढी जोड दिईएको थियो । सकेसम्म सबै पक्षहरुसँग छलफल गरी लैससास परीक्षण गर्दा वास्तविकता चित्रण होस् भन्ने कुरालाई विशेष जोड दिईएको थियो । लैससास परीक्षण गर्दा निम्न अनुसारको विधिहरु अपनाईएको थियो :

**अभिलेख अध्ययन**



Scanned with CamScanner

मिर्चैया नगरपालिकाले तय गरेका विभिन्न ऐन, कार्यविधि, नीति, निर्देशिका, दिग्दर्शन, वार्षिक योजना कार्यक्रम बजेटमा लैङ्गिक समानता तथा समावेशीकरणका विषयहरु के कति छन्, त्यसको कार्यान्वयन पक्ष, उपलब्धीको मापन, अनुगमन प्रक्रिया र पृष्ठपोषणको कार्यान्वयन आदि पक्षलाई समेटिएको छ। यस नगरपालिकाले हालसम्म विभिन्न २६ वटा ऐन पारित गरी आफ्नो वेवसाइटमा अपलोड गरेको छ भने विभिन्न कार्यविधिहरु बनाई कार्यान्वयन गरेको देखिन्छ। ऐन र अन्य कानुनहरुको विवरण तल देखाईएको छ।

भाग-०१

**ऐनहरु विवरण**

मिर्चैया नगरपालिकाको पुर्वाधार विकास व्यवस्थापन ऐन २०८०.pdf | मिर्चैया नगरपालिका बजार व्यवस्थापन ऐन २०८०.pdf | मिर्चैया नगरपालिकाको खेलकुद विकास ऐन २०८०.pdf
मिर्चैया नगरपालिकाको औद्योगिक व्यवसाय ऐन, २०८०.pdf | मिर्चैया नगरपालिकाको कृषि व्यवसाय ऐन २०८०.pdf | मिर्चैया नगरपालिकाको तथ्यांक तथा अभिलेख संरक्षण ऐन, २०८०.pdf
मिर्चैया नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०८०.pdf | मिर्चैया नगरपालिकाको भूमि ऐन २०८०.pdf | मिर्चैया नगरपालिकाको सहकारी ऐन, २०८०.pdf
मिर्चैया नगरपालीकाको नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०८०.pdf | मिर्चैया नगरपालिका न्यायिक समिति कार्यविधि व्यवस्था गर्ने ऐन २०८०.pdf
मिर्चैया नगरपालिकाको टोल विकास संस्था संचालन ऐन २०८०.pdf | मिर्चैया नगरपालिकाको निर्माण व्यवसाय ऐन २०८०.pdf | मिर्चैया नगरपालिकाको आर्थिक कार्यविधि नियमित गर्ने ऐन, २०८०.pdf
मिर्चैया नगरपालिकाको उद्योग, व्यवसाय दर्ता तथा संञ्चालन ऐन, २०८०.pdf | मिर्चैया नगरपालिकाको एफ.एम रेडियो (व्यवस्थापन तथा संचालन) ऐन, २०८०.pdf
मिर्चैया नगरपालिकाको कृषि तथा पशुपन्छी ऐन, २०८०.pdf | मिर्चैया नगरपालिकाको खानेपानी तथा सरसफाइ र स्वच्छता ऐन, २०८०.pdf | मिर्चैया नगरपालिकाको नगर प्रहरी ऐन २०८०.pdf
मिर्चैया नगरपालिकाको फोहोरमैला व्यवस्थापन ऐन, २०८०.pdf | मिर्चैया नगरपालिकाको वन ऐन,२०८०.pdf | मिर्चैया नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन,२०८०.pdf
मिर्चैया नगरपालिकाको विकास समिति ऐन, २०८०.pdf | मिर्चैया नगरपालिकाको संस्था दर्ता ऐन,२०८०.pdf | मिर्चैया नगरपालिकाको सार्वजनिक निजी साझेदारी सम्बन्धी ऐन, २०८०.pdf
मिर्चैया नगरपालिकाको स्वास्थ्य तथा सरसफाई सेवा ऐन,२०८० .pdf

Share / Save

भाग-०२

**कार्यविधि र अन्य कानुनी विवरण**

७.१ मिर्चैया नगरपालिकाको स्थानीय राजपत्र प्रकाशन कार्यविधि २०८०.pdf | ७.१० मिर्चैया नगर कार्यपालिकाको उपभोक्ता समिति गठन सम्बन्धि कार्यविधि २०८०.pdf
७.१२ मिर्चैया नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०८०.pdf | ७.१५ मिर्चैया नगरपालिकाको अपाङ्गता व्यक्तिको परिचय पत्र वितरण कार्यविधि २०८०.pdf
७.१७ मिर्चैया नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि २०८०.pdf | ७.२०मिर्चैया नगरपालिकाको एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि ,२०८०.pdf
७.२२ मिर्चैया नगरपालिकाको तालिम व्यवस्थापन तथा संचालन कार्यविधि, २०८०.pdf | ७.२४मिर्चैया नगरपालिकाको आर्थिक सहायता सम्बन्धि कार्यविधि २०८०.pdf
७.२५ व्यापार व्यवसाय दर्ता तथा नविकरण कार्यविधि २०७९.pdf | ७.२७मिर्चैया नगरपालिका मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०८०.pdf
७.२८ मिर्चैया नगरपालिकाको विद्यालय लेखापरीक्षण कार्यविधि २०८० (AutoRecovered).pdf | ७.२९मिर्चैया नगरपालिका स्तरिय गुनासो सम्बोधन तथा व्यवस्थापन कार्यविधि, २०८०.pdf
७.३१मिर्चैया नगरपालिकाको विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०८०.pdf | ७.३२ मिर्चैया नगरपालिकाको लैंगिक हिसां निवारण कोष सञ्चालन कार्यविधि, २०८०.pdf
७.१३मिर्चैया नगरपालिकाको भवन निर्माण तथा नक्सा पास निर्देशिका, २०८०.pdf | ७.१४मिर्चैया नगरपालिका बाट गरिने बजार अनुगमन निर्देशिका २०८०.pdf
७.७६ मिर्चैया नगरपालिकाको अनुगमन तथा सुपरिवेक्षण कार्यविधि २०८०.pdf | ७.३६मि.ना.पा को संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण,२०८०.pdf
७.१६ मि.ना पा को करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी नमूना कार्यविधि २०८०.pdf | ७.३०मि.ना.पा को सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा संचालन सम्बन्धी२०८०.pdf
७.३७ मिर्चैया नगरपालिकाको आधारभूत शिक्षा परीक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८०.pdf | बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा परिचालन कार्यविधि, २०८०.pdf
७.७७मिर्चैया अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८०.pdf | ७.७६ बाल अधिकार प्रवर्द्धन तथा संरक्षणसम्बन्धी कार्यविधि, २०८०.pdf
मिर्चैया नगरपालिकाको खानपानी तथा सरसफाई व्यवस्थापन बोर्ड कार्यविधि,२०८१.pdf | मिर्चैया नगरपालिकाको कर्मचारी तह वृद्धि तथा बढुवा सम्बन्धी कार्यविधि.pdf
८.२मिर्चैया नगरपालिकाका कर्मचारीको इन्धन सुविधा सम्बन्धी मापदण्ड, २०८१.pdf

विशेष गरेर गत आर्थिक वर्षको बजेट नीति, कार्यक्रम र बजेट विनियोजनको अवस्था लगायत अन्य सम्वन्धित कानुनी दस्तावेजहरुको अध्ययन गरिएको थियो। साथै द्वितीय तथ्यांकका लागि राष्ट्रिय जनगणना, २०७८ लाई आधार मानिएको छ। यस मिर्चैया नगरपालिकाको कूल जनसंख्या ५९,४२५



Scanned with CamScanner

(महिला-२९,८५४ र पुरुष-२९,५७१) रहेको छ। नगरपालिकाको लैङ्गिक जनसंख्या प्रतिशत तलको तालिका (चार्ट) मा देखाईएको छ।




यस नगरपालिकामा विभिन्न जातजातिहरुको वसोवास रहेका छन्। जातजातिगत जनसंख्यामा यस नगरपालिकामा सवैभन्दा बढी यादव जातिको बसोवास रहेको छ। यादवको जनसंख्या १६.७९%, तेली १०.४८%, चमार/हरिजन/राम ९.१०%, सुँडी ७.८६%, मुसहर ६.७९%, केवट ६.०६%, मुस्लिम ५.५१%, धानुक ४.८५%, कोइरी/कुशवाहा ३.१९% र अन्य जातजातिहरु २९.३३% रहेका छन्। मूख्य १० जातजातिहरुको संख्यात्मक विवरण तलको ग्राफमा प्रस्तुत गरिएको छ।



Scanned with CamScanner




**मुख्य जानकारसंग अन्तरवार्ता**

नगरपालिकामा रहेका महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा, कानुन शाखा, स्वास्थ्य शाखा, रोजगार शाखा, शिक्षा शाखाहरुसंग विस्तृत छलफल गरिएको थियो । छलफलको क्रममा आवश्यकता अनुसार प्रमाणहरुको अध्ययन गर्ने कार्य भएको थियो ।

**अवलोकन**

यस विधिमा विशेषगरी भौतिक पूर्वाधारहरु अपाङ्गमैत्री, बालमैत्री भए नभएको, सार्वजनिक भवनहरुमा विशेष गरि स्वास्थ्य निकाय, पालिकाको आफ्नै भवन र वडाका भवनहरुमा स्तनपान कक्षहरु र शौचालयहरुको अवलोकन गरिएको थियो ।
मार्गनिर्देशनमा व्यवस्था गरिए अनुसार नै लैससास परीक्षणका तरिकाहरु अपनाईएको थियो । जुन निम्न अनुसार रहको थियो:

**तयारी चरण**

नगरपालिकामा समन्वय गरि लैससास परीक्षण पूर्व यस अगाडि बनेको लैससास कार्यान्वयन समितिको पुनर्गठन गरिएको थियो । नगरपालिकाका प्रमुखको संयोजकत्वमा बसेको बैठकले कार्यान्वयन समितिको पुनर्गठन र कार्यदलको गठन गरेको थियो । कार्यदलले लैससासको परीक्षणको सम्पूर्ण व्यवस्थापन पक्षको जिम्मेवारी निर्वाह गरेको थियो ।
कार्यान्वयन समिति र कार्यदलको विवरण अनुसूची ३ मा समावेश गरिएको छ ।



Scanned with CamScanner

**कार्यान्वयन चरण**

नगरपालिकाका विभिन्न शाखा प्रमुखहरु, कार्यपालिका सदस्यहरु, बिषयगत समितिका पदाधिकारी एवं प्रमुख प्रशासकीय अधिकृत, नगर प्रमुख र उपप्रमुखको समेत सहभागितामा कार्यशाला सञ्चालन गरी सबैको सहभागिता र खुला छलफलबाट परीक्षणको कार्य र तय गरिएका सूचकहरुमा अंक प्रदान गरी सम्पन्न गरिएको थियो । साथै नगरपालिकाको सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतिको विश्लेषण गरि आगामी बर्षका लागि कार्ययोजना समेत तयार गरिएको थियो ।

**प्रतिवेदन चरण**

यस चरणमा सूचकमा प्राप्त भएका अंक र समूह छलफलबाट आएका विषयवस्तु र नगरपालिकाको प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतबाट प्राप्त सुझावहरुलाई समेत समेटेर प्रतिवेदन तयारी गर्ने कार्य सम्पन्न गरिएको थियो ।

## ६. लैससास परीक्षणका सहभागी

लैससास परीक्षणमा कुल ३४ जनाको सहभागिता रहेको थियो । जसमा महिला ८ जना र पुरुष २६ जना रहेका थिए । नगरपालिकाको प्रमुख, उपप्रमुख, कार्यपालिका सदस्यहरु, बिषयगत समितिका पदाधिकारी, बिषयगत शाखाका प्रमुख लगायत सरोकारवाला व्यक्तिहरुको सहभागीहरुको सहभागिता रहेको थियो । सहभागीहरुको नाम र विवरण अनुसूची ४ मा समावेश गरिएको छ ।

## खण्ड : २

## तथ्यांक प्रस्तुतीकण

यस खण्डमा लैससास परीक्षणका पाँच वटा मुख्य क्षेत्र र त्यसको २२ वटा उपशीर्षकहरुमा यस नगरपालिकाले प्राप्त गरेको अंकभार स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ । यसरी प्रस्तुती गरिदा २२ वटा उपशीर्षकमा रहेका सूचकहरुको समग्रतालाई लिईएको छ ।

### ७. तथ्यांक प्रस्तुतीकरण र व्याख्या

*नीति, कानुन र योजना*

नीति, कानुन, योजना मुख्य शीर्षकमा ३ वटा उपशीर्षकहरु रहेका छन् । पहिलो उपशीर्षकमा रहेको नीति र कानुनमा समावेशिता र सहभागितामा कुल ८ अंक रहेकोमा ५.५ अंक प्राप्त गरेको छ, त्यस्तै योजना तर्जुमा तथा कार्यान्वयनमा कुल ८ अंक रहेकोमा ४.५ अंक प्राप्त गरेको छ । बजेट तर्जुमा तथा कार्यान्वयनमा कुल ४ अंक रहेकोमा ३ अंक प्राप्त गरेको छ । यस मुख्य विषय रहेको नीति, कानुन र योजना अन्तर्गत कुल २० अंकभारमा प्राप्ताङ्क १३ रहेको छ ।

| मुख्य शीर्षक | उप शीर्षक | पूर्णांक | प्राप्त अंक |
|---|---|---|---|
| नीति, कानुन र योजना | १. नीति र कानुनमा समावेशिता, सहभागिता | ८ | ५.५ |
| | २. योजना तर्जुमा तथा कार्यान्वयन | ८ | ४.५ |
| | ३. बजेट तर्जुमा तथा कार्यान्वयन | ४ | ३ |
| | **जम्मा** | **२०** | **१३** |

*संस्थागत व्यवस्थापन*

संस्थागत व्यवस्थापनमा कुल ५ वटा उपशीर्षकहरु रहेका छन् र प्रत्येकको अंकभार ४ रहेको छ । यसमा उपशीर्षकको रुपमा रहेको कर्मचारी पदाधिकारी प्रतिनिधित्वमा २ अंक प्राप्त गरेको छ भने कार्य प्रणाली समावेशीमा २ अंक, समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्वमा २.५, वित्त व्यवस्थापनमा ३, तथ्यांक संकलन तथा व्यवस्थापनमा २.५ अंक गरी कूल २० अंकभारमा १२ अंक प्राप्त गरेको पाईयो ।

| मुख्य शीर्षक | उप शीर्षक | पूर्णांक | प्राप्त अंक |
|---|---|---|---|
| संस्थागत व्यवस्था | १. कर्मचारी र पदाधिकारी प्रतिनिधित्व | ४ | २ |
| | २. कार्यप्रणाली समावेशी | ४ | २ |
| | ३. समिति, उपसमिति र कार्यदल प्रतिनिधित्व | ४ | २.५ |
| | ४. वित्त व्यवस्थापन प्रणालीमा समावेशिता | ४ | ३ |
| | ५.तथ्याङ्क संकलन तथा व्यवस्थापन | ४ | २.५ |
| | **जम्मा** | **२०** | **१२** |



Scanned with CamScanner

### *मानव संसाधन तथा क्षमता विकास*

मानव संसाधन तथा क्षमता विकासमा ४ वटा उपशीर्षकहरु रहेका छन्। पहिलो उपशीर्षकमा ८ अंकको अंकभारमा ६ अंक प्राप्त गरेको छ भने यसैगरी अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार विरुद्ध जनचेतना उपशीर्षकको ४ अंकमा ३, कानुनी साक्षरता ४ अंकमा ४, विपद व्यवस्थापन ४ अंकमा ४ प्राप्त गरेको छ। कुल २० अंक भारमा १७ अंक प्राप्त गरेको छ।

| मुख्य शीर्षक | उप शीर्षक | पूर्णांक | प्राप्त अंक |
|---|---|---|---|
| मानव संसाधन तथा क्षमता विकास | १. मानव संसाधन तथा क्षमता विकास | ८ | ६ |
| | २. अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार विरुद्ध जनचेतना | ४ | ३ |
| | ३. कानुनी साक्षरता | ४ | ४ |
| | ४. विपद् व्यवस्थापन | ४ | ४ |
| | **जम्मा** | **२०** | **१७** |

### *सेवा प्रवाह*

सेवा प्रवाह मुख्य शीर्षकका ५ वटा उपशीर्षकहरु रहेका छन्। प्रत्येक उपशीर्षकको अंकभार ४ रहेको छ। जसमध्ये पूर्वाधार विकासमा ४ मा ३, प्रजनन् स्वास्थ्यमा ४ मा ३, शिक्षा कार्यक्रममा ४ मा ३.५, खानेपानी तथा सरसफाइमा ४ मा ३ र स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापनमा ४ मा ३ अंक प्राप्त गरेको छ। कुल २० अंकमा १५.५ अंक प्राप्त गरेको छ।

| मुख्य शीर्षक | उप शीर्षक | पूर्णांक | प्राप्त अंक |
|---|---|---|---|
| सेवा प्रवाह | १. पूर्वाधार विकास | ४ | ३ |
| | २. प्रजनन् स्वास्थ्य | ४ | ३ |
| | ३. शिक्षा कार्यक्रम | ४ | ३.५ |
| | ४. खानेपानी तथा सरसफाइ | ४ | ३ |
| | ५.स्वरोजगार तथा आयआर्जन र वजार व्यवस्थापन | ४ | ३ |
| | **जम्मा** | **२०** | **१५.५** |

### *सुशासन तथा उत्तरदायित्व*

सुशासन तथा उत्तरदायित्व मूल शीर्षकमा ५ वटा उपशीर्षकहरु रहेका छन्। प्रत्येक उपशीर्षकको अंकभार ४ रहेको छ। यस अन्तर्गत सुशासनमा प्राप्त अंकभार २.५, उत्तरदायित्व र जवाफदेहिताको ४ मा ३.५, सूचना तथा सञ्चारको ४ मा प्राप्ताङ्ग ३, अनुगमन तथा मूल्यांकनको ४ मा प्राप्ताङ्ग ३.५ र समन्वय र सम्बन्ध विस्तारको ४ मा प्राप्ताङ्ग ३ गरि कुल २० अंकभारमा १५.५ अंक प्राप्त गरेको छ।



Scanned with CamScanner

| मुख्य शीर्षक | उप शीर्षक | पूर्णांक | प्राप्त अंक |
|---|---|---|---|
| सेवा प्रवाह | १. सुशासन | ४ | २.५ |
| | २. उत्तरदायित्व र जवाफदेहिता | ४ | ३.५ |
| | ३. सुचना तथा संञ्चार | ४ | ३ |
| | ४. अनुगमन तथा मूल्यांकन | ४ | ३.५ |
| | ५.समन्वय र सम्बन्ध विस्तार | ४ | ३ |
| | **जम्मा** | **२०** | **१५.५** |

पाँचवटा मुख्य शीर्षकहरु मध्ये तुलनात्मक रुपमा सबै भन्दा बढी मानव संशाधन तथा क्षमता विकास विषयमा नगरपालिका अगाडी छ भने अन्यमा सुधार गर्नुपर्ने देखिन्छ। जसलाई तलको स्तम्भ चार्टमा पनि देख्न सकिन्छ।




लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दीग्दर्शनमा उल्लेख रहेको २२ वटा उपशीर्षक मध्ये कुनै पनि उपशीर्षकमा शतप्रतिशत अंक प्राप्त हुन सकेको छैन । मुख्य सूचकका २२ वटा उपशीर्षकहरुको विस्तृत विवरण तलको स्तम्भ चित्रमा देखाईएको छ।


उपशीर्षकगत प्राप्तांक
८
५.५
८
४.५
४
३
४
२
४
२
४
२.५
४
३
४
२.५
८
६
४
३
४४
४४
४
३
४
३
४
३.५
४
३
४
३
४
२.५
४
३.५
४
३
४
३.५
४
३
नीति र कानूनमा समावेशिता । सहभागिता
योजना तर्जुमा तथा कार्यान्वयन
बजेट तर्जुमा तथा कार्यान्वयन
कर्मचारी पदाधिकारी प्रतिनिधित्व
कार्यप्रणाली समावेशी
समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व
वित्त व्यवस्थापन प्रणालीमा समावेशिता
तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन
मानव संसाधन तथा क्षमता विकास
अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार
कानूनी साक्षरता
विपद व्यवस्थापनमा समावेशिता
पूर्वाधार विकास
प्रजनन् स्वास्थ्य
शिक्षा कार्यक्रम
खानेपानी तथा सरसफाइ
स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन
सुशासन
उत्तरदायित्व र जवाफदेहिता
सूचना तथा संचार
अनुगमन तथा मूल्याङ्कन
समन्वय र सम्बन्ध विस्तार
कूल अंकभार
प्राप्ताङ्क

## खण्ड : ३

## विश्लेषण

### ८.लैससास परीक्षणको विश्लेषणका औजारहरु

लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षणका लागि दिग्दर्शमा उल्लेख गरिएका प्रमुख ५ वटा मूल विषयवस्तु र ती विषय वस्तुका पनि थप उपविषय वस्तुका १०० सूचकहरुमा सहभागीहरुले उपलब्ध गराएको अंकका आधारमा प्राप्त गरेको अंकलाई विश्लेषण गरिएको थियो । ती सूचकहरुमा अंक प्रदान गर्दा सहभागीहरुले कस्तो अवस्थामा १ अंक दिने, कस्तो अवस्थामा ०.५ अंक दिने र कस्तो अवस्थामा ० अंक दिने भन्ने विषयमा सहभागीहरुलाई स्पष्ट हुने गरि सहजीकरण गरियो ।

लैङ्गिक परीक्षण पश्चात नतिजा मापन गर्नका लागि माकुरे जालो र स्तम्भ चित्र औजारहरु प्रयोग गरिएको छ । नगरपालिकामा लैङ्गिक तथा सामाजिक समाबेशीकरणको सवल पक्षहरु, कमजोर पक्षहरु, नगरपालिकामा लैससास कार्यको लागि आउन सक्ने अवसरहरु र यसमा आइपर्ने सक्ने चुनौतीहरुको वारेमा ५ वटा मुख्य शीर्षकलाई आधार बनाई समूह विभाजन गरि विश्लेषण समेत गराईएको थियो ।

विश्लेषण गर्दा SWOT Analysis विधि प्रयोग गरिएको थियो ।

### ९.तथ्यांङ्कको तुलनात्मक अध्ययन तथा विश्लेषण

यस मिर्चैया नगरपालिकाले गत बर्षदेखि लैससास परीक्षण गर्न शुरुवात गरेकोले गत बर्ष र यस बर्षको अवस्था तलको तालिका र ग्राफमा देखाईएको छ ।

| विषय क्षेत्र | ०८०/०८१ | ०८१/८२ |
|---|---|---|
| नीति कानुन, योजना | ११ | १३ |
| संस्थागत व्यवस्थापन | १२ | १२ |
| मानव संशाधन तथा क्षमता विकास | १२ | १७ |
| सेवा प्रवाह | १३ | १५.५ |
| सुशासन तथा उत्तरदायित्व | १३ | १५.५ |
| **जम्मा** | **६१** | **७३** |



Scanned with CamScanner




## १०. मुख्य उपलब्धी

***लैससास परीक्षण विधिबाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था:***

नगरपालिकाले लैससास परीक्षण गर्दा धेरै सूचकहरुमा काम गर्नुपर्ने देखिन्छ। कुल १०० सूचकहरुमा ५० वटा सूचकमा शतप्रतिशत अंकभार, ४६ वटा सूचकले ०.५ अंक प्राप्त गरेको छ भने ५ वटामा भने कुनै पनि अंकभार प्राप्त गरेको छैनन् बाँकी सूचकहरु प्रगति उन्मुख रहेका छन्। नगरपालिकाले नीति नियमहरु समावेशी वनाएता पनि त्यसको समीक्षा गर्ने परिपाटीको विकास नभएको हुँदा त्यसमा अंकभार कम हुन गएको छ। अन्य केही मुख्य शीर्षकहरुमा राम्रो अंकभार प्राप्त गरेको छ।

### १०.१ परीक्षण पश्चात प्रमुख सूचकहरुले प्राप्त गरेको अंकहरुको लेखाजोखा

यस मिर्चैया नगरपालिकाको लैंङ्गक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परीक्षणका कममा मुख्य क्षेत्र अनुसार ५ वटा समूहमा गरिएको सूचकमाथिको छलफल र अंकभारमध्ये प्राप्त गरेको अंकहरुको लेखाजोखा यस प्रकार रहेको छ।



Scanned with CamScanner

## लैससास परीक्षणमा नगरपालिकाले प्राप्त गरेका मूख्य शीर्षक र उप शीर्षकको नम्बर सम्बन्धी विवरण

| विषय | उप विषय | कूल अंकभार | प्राप्ताङ्क |
|---|---|---|---|
| नीति कानून, योजना | नीति र कानूनमा समावेशिता \ सहभागिता | ८ | ५.५ |
| | योजना तर्जुमा तथा कार्यान्वयन | ८ | ४.५ |
| | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ | ३ |
| | जम्मा | २० | १३ |
| संस्थागत व्यवस्थापन | उप विषय | कूल अंकभार | प्राप्ताङ्क |
| | कर्मचारी पदाधिकारी प्रतिनिधित्व | ४ | २ |
| | कार्यप्रणाली समावेशी | ४ | २ |
| | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ | २.५ |
| | वित्त व्यवस्थापन प्रणालीमा समावेशिता | ४ | ३ |
| | तथ्याङ्क सङकलन तथा व्यवस्थापन | ४ | २.५ |
| | जम्मा | २० | १२ |
| मानव संसाधन तथा क्षमता विकास | उप विषय | कूल अंकभार | प्राप्ताङ्क |
| | मानव संसाधन तथा क्षमता विकास | ८ | ६ |
| | अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार | ४ | ३ |
| | कानूनी साक्षरता | ४ | ४ |
| | विपद व्यवस्थापनमा समावेशिता | ४ | ४ |
| | जम्मा | २० | १७.० |
| सेवा प्रवाह | उप विषय | कूल अंकभार | प्राप्ताङ्क |
| | पूर्वाधार विकास | ४ | ३ |
| | प्रजनन् स्वास्थ्य | ४ | ३ |
| | शिक्षा कार्यक्रम | ४ | ३.५ |
| | खानेपानी तथा सरसफाइ | ४ | ३ |
| | स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन | ४ | ३ |
| | जम्मा | २० | १५.५ |
| सुशासन तथा उत्तरदायि | उप विषय | कूल अंकभार | प्राप्ताङ्क |
| | सुशासन | ४ | २.५ |



Scanned with CamScanner

| विषय | उप विषय | कूल अंकभार | प्राप्ताङ्क |
|---|---|---|---|
| | उत्तरदायित्व र जवाफदेहिता | ४ | ३.५ |
| | सूचना तथा संचार | ४ | ३ |
| | अनुगमन तथा मूल्याङ्कन | ४ | ३.५ |
| | समन्वय र सम्बन्ध बिस्तार | ४ | ३ |
| | **जम्मा** | २० | १५.५ |
| | **कूल जम्मा** | १०० | ७३ |

यसरी हेर्दा सर्वोत्तम, उत्तम, ठिकै र कमजोरमध्ये मिर्चैया नगरपालिकाले हासिल गरेको स्वमूल्यांकनको कुल नतिजाका आधारमा ६० अंकभन्दामाथि र ८० अंकभन्दा तल रहेकोले **७३ अंक प्राप्त भएको यस नतिजालाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणमा उत्तमको स्तरमा लिईएको छ।** प्राप्त सुझावहरुका आधारमा आगामी कार्ययोजनाबाट थप उपलब्धी हासिल गरि यस नगरपालिका सर्वोत्तमको तहमा जान सो अनुसारको योजना र कार्यान्वयनमा अग्रसर हुनुपर्ने हुन्छ।

## १०.२ लैससास परीक्षणको नतिजाको माकुरे जालो

लैससास परीक्षण गरिएको पाँच वटा मुख्य शीर्षकहरुको नतिजालाई तलको माकुरे जालोमा प्रस्तुत गरिएको छ। जसमा संस्थागत व्यवस्थापनमा कम र अन्यमा माकुरे जालो थोरै बढी फैलिएको छ।



यसैगरी २२ वटा उपशीर्षकलाई तलको माकुरे जालोमा प्रस्तुत गरिएको छ।




साथै सम्पूर्ण सूचकगत कूल अंकभार र प्राप्तांक सम्वन्धी विवरण अनुसूची ५ मा राखिएको छ।

## ११. नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणका सबल पक्ष र सुधार गर्नुपर्ने पक्षहरु

| मुख्य विषय | सबल पक्ष | कमजोर पक्ष | अवसर | चुनौती |
|---|---|---|---|---|
| नीति, कानून योजना | • लैससास सम्वन्धित विभिन्न नीति तथा कानुनहरु रहेको छ ।<br>• लैससाससंग सम्बन्धित उपभोक्ता गठन सम्बन्धी कार्यविधि २०८०, अपांगता भएका व्यक्तिको परिचयपत्र बितरण सम्बन्धी कार्यविधि २०८०, मेलमिलाप केन्द्र सम्बन्धी कार्यविधि २०८०, गुनासो सम्बोधन तथा व्यबस्थापन सम्बन्धी कार्यविधि २०८०, लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि २०८०, भवन निर्माण तथा नक्सा पास निर्देशिका २०८०, करार जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी नमूना कार्यविधि २०८०, तालिम व्यवस्थापन तथा संचालन कार्यविधि २०८०, अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि २०८०, बालिका तथा समावेशी शिक्षा संजाल गठन तथा परिचालन सम्बन्धी कार्यविधि २०८०, बालअधिकार प्रवर्द्धन तथा संरक्षण सम्बन्धी कार्यविधि २०८०, कर्मचारीहरुको आचारसंहिता ।<br>• नगरसभाबाट कार्यविधि र कानुन सहज पारित हुनसक्ने । | • लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण नीति र रणनीति नहुनु ।<br>• लैङ्गिकमैत्री योजना निर्माण र कार्यान्वयनमा कमजोर देखिनु ।<br>• नीति र कानुनमा लैंससास सम्बन्धित सवालहरु संयोजनमा कमी रहनु ।<br>• नीति र कानुनमा समाबेशिताको सिध्दान्त र संघीय एवं प्रादेशिक नीति र कानुनी प्रावधानका मूल मर्मलाई समेटिनुपर्ने । जस्तै: महिलाको ३३ प्रतिशत आरक्षणको सुनिश्चितता, भवन निर्माणको अनुमति दिनु पूर्व अपांगतामैत्री, जेष्ठ नागरिकमैत्रीमा कमी ।<br>• योजना र कार्यक्रमसंग बजेट अनुकुल नहुनु ।<br>• पर्याप्त कार्यक्रमहरु नहुनु ।<br>•<br>• जनप्रतिनिधि र कर्मचारीहरुलाई कानुनी प्रावधान, कार्यबिधि र | • नगरपालिकाले आवश्यक नीति, रणनीति र कानुन निर्माण गर्ने तत्परता लिएको छ ।<br>• बनेका कानुनहरुको कार्यान्वयन गर्न सकिन्छ ।<br>• सुधार गर्नुपर्ने पक्षमा देखिएका कानुन निर्माणका लागि योजना वनाउन सकिने छ ।<br>• स्थानीयस्तरमा दक्ष जनशक्ति, परामर्शदाता र बिज्ञको उपलब्धता छ ।<br>• कुरीतिजन्य कार्यहरु न्यूनिकरण एवं अन्त्य गर्ने सबै पक्षको चाहना रहेको । | • नीति र कानुन अनुसार योजना निर्माण र समयमा कार्यान्वयनमा चुनौती ।<br>• संघीय सरकार, प्रादेशिक सरकारवाट समय समयमा हुने नीति, कार्यविधि, कानुन, योजनाको वारेमा अपडेट नहुनु । नीतिहरु बने पनि त्यसको कार्यान्वयन पक्षमा बुझाइको एकरुपता नहुनु ।<br>•<br>• शाखाहरु विचको समन्वयको अभावमा लैससास सम्वन्धि एकिकृत सुचना प्रणालीको अभाव हुदा अभिलेखिकरणमा नहुनु |



Scanned with CamScanner

| मुख्य विषय | सबल पक्ष | कमजोर पक्ष | अवसर | चुनौती |
|---|---|---|---|---|
| | • नीति, कानुन र योजनाको लागि बजेट। | निर्देशिकाहरुबारे अनुशिक्षण नहुनु।<br>• करार जनशक्ति ब्यबस्थापनमा लैंससासको आधारमा सहभागिता सुनिश्चित हुनेगरि नीतिगत ब्यबस्थापन नहुनु।<br>• महिला, दलित, जेष्ठ नागरिक, अपांगता, बालबालिका लगायत सिमान्तकृत समुदाय लक्षित कार्यबिधि तथा निर्देशिका निर्माण गरिनुपर्ने।<br>• बालमैत्री स्थानीय शासन कार्यान्वयन र बालविवाह अन्त्यका लागि रणनीतिक योजना तथा कार्यबिधिहरु नहुनु।<br>• लैङ्गिक फोकल पर्सनको लिखित रुपमा कार्य जिम्मेवारी (ToR) हुनुपर्ने।<br>• लैंससास कार्यान्वयनमा पर्याप्त बजेट बिनियोजन नहुनु।<br>• खण्डिकृत तथ्यांक नरहेको।<br>• योजना कार्यान्वयनमा कमी।<br>• राष्ट्रिय तथा अन्तराष्ट्रिय निकाय संस्थाहरुसंग कमजोर समन्वय र सहकार्य। | | • पदाधिकारीहरुको विच लैससास सम्वन्धि प्रष्टता नहुदा त्यस्ता विषयले बजेट तर्जुमामा प्राथमिकता नपाउनु |



Scanned with CamScanner

| मुख्य विषय | सबल पक्ष | कमजोर पक्ष | अवसर | चुनौती |
|---|---|---|---|---|
| संस्थागत व्यवस्था | • सबै कार्यक्रमहरुमा कर्मचारी र पदाधिकारीहरुको सहभागिता हुने गरेको ।<br>• कानुनले तोकेको समिति निर्माण भएको र आवश्यक्ता अनुसार बैठक हुने गरेको छ । पदाधिकारीहरु सकृय छन् ।<br>• नगरपालिकाको अधिकांश कार्य प्रणालीमा समावेशी नीति अनुरुप हुने गरेको छ ।<br>• बजेट निर्माणमा सबै पक्षको सहभागिता छ ।<br>• सामाजिक समावेशिकरण बढाउनको लागि नीतिहरु तयार हुन थालेको । | • बिभिन्न समिति उपसमितिहरु समाबेशिताका आधारमा पूर्णता दिनुपर्ने ।<br>• नागरिकहरुमा लैससास बारे सचेतना अभिबृद्धि हुने खालका कार्यक्रमहरु निर्माण गरि कार्यान्वयन गरिनुपर्ने ।<br>• लैससासमैत्री योजना निर्माण र बजेट बिनियोजन गरि कार्यान्वनयमा जोड दिनुपर्ने ।<br>• खण्डिकृत तथ्यांक नभएकोले अपडेट गर्नुपर्ने ।<br>• नगरपालिकामा भएका सबै तथ्यांक सार्वजनिकीकरण गर्नुपर्ने ।<br>• हरेक संस्थागत क्षेत्रमा लैससास अनुरुप प्रतिनिधित्व सुनिश्चित गर्नका लागि नीति र कार्यबिधि बनाउनु पर्ने ।<br>• महिला, बालबालिका र अपेक्षित समुदायलाई लक्षित गरी बढी कार्यक्रम बनाउनु पर्ने ।<br>• नेतृत्व विकास र क्षमता विकासका लागि स्रोत व्यवस्थापन आर्थिक ऐनमा उल्लेख गरि छुट्टै कोष स्थापना नभएको । | • महिलाहरुको प्रतिनिधित्व ५० प्रतिशत पुराउन सक्ने अवसर रहेको<br>• बनेका नीतिहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने सक्ने जनशक्ति रहेको<br>• महिला हिंसा विरुद्धका अभियानहरु निरन्तर रहदा महिला शसक्तिकरणमा सहयोग पुग्ने<br>• कार्यक्रमहरुमा हुने सहभागितामा लैङ्गिक र सामाजिक समावेशीकरणको सुनिश्चितता गरेर सहभागीहरु राख्न सकिने ।<br>• पालिकामा गठन हुने समिति उपसमितिहरु समावेशी हुनेगरि निर्माण गर्न सकिने ।<br>• तथ्यांक संकलनका लागि बजेट र जनशक्तिको व्यबस्थापन गर्न सकिने । | • लैगिक र सामाजिक समावेशीकरण नीति अवलम्बन गर्न खोजिएपनि कार्यपालिका सदस्यहरु फरक फरक राजनितिक दल र फरक बिचारको हुँदा निर्णायक अवस्थामा एकमत हुन नसक्नु ।<br>• राजनीतिक भागवण्डाको आधारमा कर्मचारी र पदाधिकारीहरु छनौट हुनु ।<br>• यकीन तथ्यांकको अभावमा सही योजना बन्न बनाउन नसकिनु । |



Scanned with CamScanner

| मुख्य विषय | सबल पक्ष | कमजोर पक्ष | अवसर | चुनौती |
|---|---|---|---|---|
| मानव संसाधन तथा क्षमता विकास | • लैङ्गिक रुपले महिलाको र मधेशी, जनजाति समुदायका कर्मचारीहरुको समावेशिता राम्रो रहेको ।<br>• रोजगारीमा समावेशी रुपले कर्मचारी भर्ना गर्ने गरिएको ।<br>• लैङ्गिक फोकल पर्सन तोकिएको ।<br>• बिषयगत शाखाहरु समावेशी रुपमा पूर्ण रहेको ।<br>• अनौपचारिक मूल्य मान्यता र हानिकारक परम्परागत मूल्य मान्यता हटाउने प्रकृतिका कार्यक्रमहरु संचालन हुने गरेको ।<br>• कानुनी सचेतना सम्बन्धी जानकारीमूलक कार्यक्रम गरिएको । | • सबै कर्मचारी र जनप्रतिनिधिहरुलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी क्षमता बिकास कार्यक्रम गरिनु पर्ने ।<br>• रोजगार सम्बन्धी नीति बनाई लैससासमैत्री रोजगार सुनिश्चत गर्नुपर्ने ।<br>• अन्य आवश्यक कानुन निर्माण गरिनु पर्ने ।<br>• सार्वजनिक सूचनामा सबैको पहूँच हुने गरि कार्य गरिनुपर्ने ।<br>• बिपद ब्यवस्थापन समितिका पदाधिकारीहरुलाई क्षमता बिकास सम्बन्धी तालिम दिई दक्षता अभिबृध्दि गरिनु पर्ने । | • क्षमता बिकास सम्बन्धी तालिम, अभिमुखीकरण, अवलोकन भ्रमण लगायत बिभिन्न कार्यक्रम गर्न सकिने ।<br>• रोजगार सम्बन्धी नीति बनाउनका लागि जनशक्ति र बजेट रहेको ।<br>• अनौपचारिक मूल्यमान्यता र हानिकारक अभ्यासमा सुधार ल्याउने गरि योजना र कार्यक्रम संचालन गर्न सकिने अवसर पालिकामा रहेको ।<br>• बिभिन्न संघसंस्था र अन्य सरोकारवालाहरुसंग समन्वय र सहकार्य गरि कानुनी साक्षारता सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने अवसर रहेको छ ।<br>• बिपद ब्यवस्थापन समिति समावेशी रुपमा गठन भएको छ । | • लैससासका नीति, कानुनी दस्तावेज सम्बन्धमा समान बुझाइ नहुनु ।<br>• कर्मचारी र जनप्रतिनिधिवीच समान बुझाई नभईदिनु ।<br>• कार्यपालिका बैठकमा प्रस्ताव नजानु वा निर्णय नहुनु ।<br>• भएका निर्णयहरुको कार्यान्वयन नहुनु । |
| सेवा प्रवाह | • प्रशासकीय भवन निर्माण गर्ने प्रकृयामा रहेको ।<br>• सवै वडामा वडा कार्यालयको भवन निर्माण योजनामा रहेको । | • अधिकांश भवनहरुमा छुट्टै स्तनपानको सुबिधा वा प्रावधान नरहेकोले बनाउनुपर्ने । | • निर्माण हुने भवनहरुको स्वीकृतीपूर्व लैङ्गिकमैत्री, वालमैत्री र अपांगमैत्री एवं जेष्ठनागरिकमैत्री बनाउनुपर्ने गरि कानुनी | • कार्यपालिका भवन निर्माण गर्न जग्गा ब्यवस्थापनमा बिबाद । |



Scanned with CamScanner

| मुख्य विषय | सबल पक्ष | कमजोर पक्ष | अवसर | चुनौती |
|---|---|---|---|---|
| | • निर्माण हुने भवनहरुमा लैससासमैत्री ( लैङ्गिकमैत्री, अपांगतामैत्री, जेष्ठ नागरिक मैत्री, बालमैत्री आदि)<br>• महिला र अपांगमैत्री बर्थिंग सेन्टर रहेको छ ।<br>• खानेपानी सरसफाई सम्बन्धी कार्यविधि र सो अनुसारको समिति रहेको ।<br>• महिला, दलित, जनजाति र पछाडि पारिएका सिमान्तकृत समुदायको स्वरोजगार अभिबृद्धि गर्न सिपमूलक तालिमहरु संचालन गरिएको ।<br>• उच्चस्तरको सरकारी अस्पतालबाट प्रजनन सम्बन्धी सेवा प्रभाव भईरहेको । | • जेष्ठ नागरिकको लागि सहज हुने गरि स्थान र बाताबरण नभएकोले सो अनुकुल बनाउनुपर्ने ।<br>• बालमैत्री संरचना (शौचालय, पिउने पानीको धारा, बस्ने ठाउँहरु आदि) र प्रविधिहरु निर्माण गर्नुपर्ने ।<br>• स्थानीय बालमैत्री शासन सम्बन्धी नीति, कानुन र कार्यविधि बनाउनुपर्ने ।<br>• जेष्ठ नागरिक र अपांगता भएका व्यक्तिहरुको अधिकार सुनिश्चित हुने गरि कानुन र संयन्त्र निर्माण गरिनुपर्ने । | प्राबधान अवलम्बन गर्न सकिने ।<br>• बजारीकरण र उचित बजार व्यवस्थापनका लागि उचित योजना बनाउन सकिने ।<br>• श्रोत र साधनको व्यवस्थापन गर्न सकिने । | • सार्वजनिक सूचनामा सबैको पहूँच हुने गरि कार्य गरिनुपर्ने ।<br>• शाखाको बजेट अन्यत्र रकमान्तर भईदिदा लक्ष र योजना अनुसार क्षमता अभिबृद्धि र जनचेतनाका कार्यक्रमहरु संचालन गर्न चूनौती रहेको ।<br>• बजेटमा राजनीतिक हस्तक्षेत्र हुनु । |
| सुशासन तथा उत्तरदायित्व | • नगरपालिकामा सुशासन समिति गठन भएको छ ।<br>• नगरपालिकाबाट सबै सूचनाहरु अनलाईन मार्फत वा वेवसाइट मार्फत सार्वजनिक हुने गरेको छ ।<br>• सूचना अधिकारीको व्यवस्था गरिएको छ ।<br>• शाखा प्रमुखहरुले आफ्नो पदिय भूमिका अनुसार उत्तरदायित्व निर्वाह गरेका छन् ।<br>• कार्यपालिका सदस्य र कर्मचारी प्रशासनवीच समन्वय हुने गरेको छ । | • नगरपालिकाको हरेक कार्यहरु स्थानीय पत्रपत्रिकामा समेत सार्वजनिक गर्नुपर्ने ।<br>• बिषय विज्ञ र विज्ञ परामर्शकर्तामार्फत समय समयमा सवल पक्ष, कमजोर पक्ष, अवसर र चूनौतीका बारेमा छलफल र सहजीकरण हुनुपर्ने ।<br>• समिति र उपसमिति एवं शाखालाई जिम्मेवारी दिदा लिखित अख्तियारी दिनुपर्ने ।<br>• समुदायसम्म सूचनामा पहुँचका लागि वडा समिति र समितिको कार्यालय | • आन्तरिक स्रोतको पहिचान गरि आन्तरिक स्रोत वृद्धि गर्न सकिने<br>• योजना, राजस्व, जिन्सी, आर्थिक प्रशासन लगायत सबै शाखाहरुमा अनलाइन सफ्टवेयर प्रयोग गर्दा सिघ्र तथा पारदर्शि सेवा प्रवाह गर्न सकिने<br>• नागरिकले स्थानीय सरकारको हरेक गतिविधि सहज रुपले थाहा पाउन | • राजनीतिक द्वन्द्व र भागवण्डाले प्रश्रय पाउनु ।<br>• प्रक्रियागत प्रावधान अबलम्बन गरेर काम गर्नुपर्ने हुँदा समयमा काम सम्पन्न गर्न नसकिने र बिरोध खप्नुपर्ने ।<br>• उपभोक्ता समितिहरुले बढी राजनीतिक दवाव सृजना गर्ने । |



Scanned with CamScanner

| मुख्य विषय | सबल पक्ष | कमजोर पक्ष | अवसर | चुनौती |
|---|---|---|---|---|
